ISSN: 3021-9353
Online

# सञ्चय कोष न्यूजलेटर

(सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष)

विशेष अङ्क वर्ष १४ अङ्क ५३ २०८२ भाद्र ३१

# कर्मचारी सञ्चय कोष ६४औं वर्षमा प्रवेश

## कर्मचारी सञ्चय कोष सङ्क्षिप्त झलक

**कुल स्रोत :**
रू. ६२३ अर्ब २१ करोड

**कुल लगानी**
रू. ५९९ अर्ब २७ करोड

**पुर्वाधार क्षेत्रमा लगानी**
रू. १०० अर्ब १८ करोड

**कोषमा आवद्ध सञ्चयकर्ता संख्या**
५ लाख ७८ हजार

**सामाजिक सुरक्षा रकम प्रदान**
रू. ५४ करोड १० लाख

**कोष र निवृत्तभरण रकममा प्रदान गरिएको ब्याजदर**
५ प्रतिशत

**शाखा कार्यालय तथा सेवा केन्द्रको संख्या**
१२



"वित्तीय स्रोतको निरन्तर वृद्धि र सूचना प्रविधिको उपयोगसँगै जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन जरूरी रहेको ।"

सञ्चालक समिति अध्यक्ष, श्री दिनेश कुमार घिमिरे



"सामाजिक सुरक्षा तथा सञ्चय कोष प्रणालीमा देखा परेका विश्वव्यापी अवधारणाको साथै राष्ट्रिय आवश्यकताको सम्बोधन हुने गरी कोषले योगदानकर्ताको लागी सामाजिक सुरक्षा तथा वित्तीय सुविधाका योजना तर्जुमा गर्दै जानेछ ।"

प्रशासक, श्री जितेन्द्र धिताल



"सञ्चयकर्ता एवम् सरोकारवालाहरू सबैमा कोषको दायरा विस्तार गर्ने, सेवाहरूलाई सुदृढ पार्ने र नवीनता ल्याउने जस्ता निरन्तर प्रयासहरूलाई समर्थन गर्ने प्रतिबद्धता ।"

ISSA, President Prof. Dato' Sri Dr. Mohammed Azmen




कर्मचारी सञ्चय कोष स्थापनाको ६४औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव प्रतिबद्ध रहने सङ्कल्पसहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय, प्रभावकारी तथा प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरूको सन्तुष्टि अभिवृद्धि गर्ने प्रतिबद्धता सहित सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागबाट सम्पादित ।

# सम्पादकीय

सञ्चयकर्ताको सेवामा निरन्तर समर्पित कर्मचारी सञ्चय कोष स्थापना भएको आजबाट ६३ वर्ष पूरा गरी ६४ वर्षमा प्रवेश गरेको छ । सञ्चयकर्ताको बृहत्तर हित र सन्तुष्टिप्रति दृढ सङ्कल्पित कोषले मुलुकको सामाजिक सुरक्षा तथा वित्तीय क्षेत्रमा सेफ्टी भल्भको रूपमा ठूलो योगदान पुर्‍याइरहेको विषय जगजाहेर नै छ ।

सैनिक द्रव्यकोष, निजामती प्रोभिडेण्ड फण्ड हुँदै कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोषको भूमिका र कार्यक्षेत्रमा हाल आएर व्यापक विस्तार हुनुका साथै कोष प्रतिको अपेक्षामा समेत वृद्धि भएको छ । वि.सं. २०७६ श्रावण १ पश्चात सरकारी सेवामा स्थायी रूपमा नियुक्ति हुने राष्ट्रसेवक कर्मचारीका अतिरिक्त सरकारको स्वामित्व वा नियन्त्रणमा सञ्चालित सबै सार्वजनिक निकायका कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण योजनाको व्यवस्थापन गर्ने सुवर्ण अवसर प्राप्त गरेसँगै कोष अब सञ्चय कोष तथा निवृत्तभरण कोष व्यवस्थापन गर्ने निकायको रूपमा रूपान्तरित भएको छ ।

सञ्चयकर्ताहरूको सेवाकालीन आवश्यकत्तालाई दृष्टिगत गरी विभिन्न सामाजिक सुरक्षा तथा वित्तीय सुविधाहरू प्रदान गर्दै आइरहेको कोषले समयसापेक्ष रूपमा आफ्नो कामकारबाहीहरू प्रविधिमैत्री बनाउँदै लगेको छ ।

कोषको ६४ औं वर्ष प्रवेशको यस पुनित अवसरमा कोष परिवारको उत्तरोत्तर प्रगतिका साथै कोषको श्रीवृद्धिका लागि शुभकामना दिनहुने सम्पूर्ण शुभेच्छुक एवम् सरोकारवालाहरू, कोषका पूर्व कर्मचारी तथा यस क्रममा रचनात्मक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक हार्दिक आभार व्यक्त गर्दछौं ।

# सञ्चयकर्ताको सन्तुष्टि नै कोषको मुख्य लक्ष्य अध्यक्ष घिमिरे



कोषको सञ्चालक समितिका अध्यक्ष दिनेश कुमार घिमिरेले कर्मचारी सञ्चय कोषको ६४औं वार्षिकोत्सवको पावन अवसरमा कोषका सम्पूर्ण सञ्चयकर्ता, योगदानकर्ता तथा कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।

उहाँले वित्तीय स्रोतको निरन्तर वृद्धि र सूचना प्रविधिको उपयोगसँगै जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन जरूरी रहेको बताउँदै सन्तुष्ट सञ्चयकर्ता, चुस्त संरचना, गतिशील नेतृत्व, अनुशासित कर्मचारी र पारदर्शी कार्यप्रणाली नै कोषका सफलताका आधार भएको बताउनु भयो ।

अन्त्यमा, सम्पूर्ण सञ्चयकर्ता, योगदानकर्ता र कोष परिवारलाई वार्षिकोत्वसवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै सञ्चयकर्ता तथा योगदानकर्ता सन्तुष्टिका लागि कोष परिवार सदैव प्रेरित भइ लागिरहोस् भनि शुभकामना दिनुभयो ।

# प्रशासकको प्रतिवद्धता



प्रशासक
**जितेन्द्र धिताल**

राष्ट्र सेवामा समर्पित कर्मचारीहरूको अवकाशपछिको भविष्यलाई आर्थिक रूपमा सुरक्षित गर्ने उद्देश्यले वि.सं. २०१९ सालमा स्थापित कर्मचारी सञ्चय कोषले आफ्नो ६३ वर्षको सफल यात्रा पूरा गरी ६४ वर्षमा प्रवेश गरेको सुखद अवसरमा सर्वप्रथम म सम्पूर्ण आदरणीय सञ्चयकर्ता तथा कोष परिवारप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । योगदान रकमको सुरक्षित तथा प्रभावकारी परिचालनबाट प्राप्त प्रतिफलको न्यायोचित वितरण र सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै सञ्चयकर्ताको हित र सन्तुष्टि प्रति कोषका क्रियाकलापहरू सदैव परिलक्ष्यित रहने प्रतिबद्धता पनि यसै अवसरमा व्यक्त गर्दछु ।

करीब ५ लाख ७८ हजार सञ्चयकर्ताको सञ्चय कोष र निवृत्तभरण कोषको रू. ५७८ अर्ब ९९ करोड सहित करीब रू. ६२३ अर्ब वित्तीय स्रोतको परिचालन गर्ने कोष मुलुकको अग्रणी वित्तीय एवम् सामाजिक सुरक्षा संस्थाको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

सञ्चय कोष र निवृत्तभरण कोष दुवै सामाजिक सुरक्षाका महत्वपूर्ण आधार हुन् । सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको व्यवस्थापनको माध्यमबाट कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने दूरदृष्टि बमोजिम कोषले आफनो कार्य सम्पादन गर्दै आइरहेको छ ।

कोषले सञ्चित रकमलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरूमा, जस्तै पूर्वाधार विकास र उत्पादनशील परियोजनाहरूमा लगानी गरी सुरक्षित र आकर्षक प्रतिफल सुनिश्चित गरिरहेको छ । यसबाट सञ्चयकर्ताहरूले अधिकतम लाभ प्राप्त गर्न सक्नेछन भन्ने कोषको विश्वास रहेको छ ।

जनताको आधारभूत मानव अधिकारको रूपमा रहेको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने राज्यको दायित्व पूरा गर्न तथा नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गर्दै समृद्ध राष्ट्र बनाउन कर्मचारी सञ्चय कोषले आफ्नो अधिकार र कार्यक्षेत्र प्रयोग गरी सरकारी तथा सार्वजनिक क्षेत्रका लागि सामाजिक सुरक्षा योजनाहरु विकास र कार्यान्वयन गर्दै राष्ट्रलाई सहयोग गर्न सदैव प्रयासरत रहेको छ ।

यस कार्यमा सहयोग गर्नुहुने सबै अग्रजहरु, नेपाल सरकार, सञ्चयकर्ताहरूको हित र संस्थागत विकासमा लाग्नु भएका सञ्चालक समितिका पदाधिकारीहरु, सम्पूर्ण कर्मचारी साथीहरु, कोषमा क्रियाशील कर्मचारी सङ्गठनहरू र सबै सरोकारवालाहरूलाई यस अवसरमा म हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छु ।

## ISSA का अध्यक्षको शुभकामना

कर्मचारी सञ्चय कोष ६३ वर्ष पुरा गरी ६४ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा International Social Security Association (ISSA) का President Prof. Dato' Sri Dr. Mohammed Azmen ले शुभकामना दिनुभएको छ । ISSA ले कर्मचारी सञ्चय कोष नेपालसँगको आफ्नो लामो समय देखिको साझेदारीलाई गहिरो महत्व दिँदै कोषका सञ्चयकर्ता एवम् सरोकारवालाहरू सबैमा कोषको दायरा विस्तार गर्ने, सेवाहरूलाई सुदृढ पार्ने र नवीनता ल्याउने जस्ता निरन्तर प्रयासहरूलाई समर्थन गर्ने प्रतिबद्धता जनाउनु भएको छ ।

कोषले सञ्चय कोष र योगदानमा आधारित



निवृत्तभरण योजनाको जिम्मेवारीलाई कुशलतापूर्वक व्यवस्थित गर्दै नेपालमा सामाजिक सुरक्षाको दीपस्तम्भको रूपमा फस्टाउँदै जाओस् भन्ने कामना समेत व्यक्त गर्नुभएको छ ।

## सञ्चालक समितिमा शर्मा मनोनयन

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार, मिति २०८१/११/११ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी अर्थ मन्त्रालयका सहसचिव धनिराम शर्मा  सञ्चालक समितिको सदस्यमा मनोनयन हुनुभएको छ ।



# वार्षिक कार्यसम्पादन सम्झौता कार्यक्रम सम्पन्न



कर्मचारी सञ्चय कोषका प्रशासक र सहप्रशासक, विभाग, शाखा कार्यालय र सेवा केन्द्र प्रमुखबीच आर्थिक वर्ष २०८२/८३ का लागि मिति २०८२/०४/१७ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ६८ को व्यवस्था र कोषका प्रशासक र नेपाल सरकारबीच मिति २०७९/१२/१ मा भएको कार्यसम्पादन सम्झौताको गुणात्मक लक्ष्य (घ) संस्थागत सुधार अन्तर्गत विभागीय प्रमुख तथा शाखा कार्यालय प्रमुखसँग प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र कार्यसम्पादन सम्झौता (Performance Contract) गर्ने उल्लेख भएको सन्दर्भमा एक कार्यक्रमकाबीच कार्यसम्पादन सम्झौता भएको हो ।

कार्यक्रमको समापनका अवसरमा मन्तव्य व्यक्त गर्नुहुँदै कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले कार्यसम्पादन सम्झौताले संस्थाको दीर्घकालिन लक्ष्य प्राप्तीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने वताउनुभयो ।

प्रशासक धितालले भन्नुभयो, "सामाजिक सुरक्षा, पेन्सन तथा अवकाश कोष व्यवस्थापन राज्यको प्राथमिकतामा रहेको हुँदा सञ्चय कोषले यसको नेतृत्व गर्नुपर्ने अवसर आएको छ, कोषलाई वर्तमान अवस्थामा प्राप्त अवसर र जिम्मेवारी पूरा गर्नका लागि हामी अन्य सामाजिक सुरक्षा संस्थाभन्दा अब्बल छौं, सञ्चय कोष तथा अवकाश कोषको व्यवस्थापन गर्न सक्षम छौं भन्ने हामीले प्रमाणित गर्नु आवश्यक छ ।"

उहाँले कार्यसम्पादन सम्झौताका कार्यक्रमको मूल्याङ्कनलाई वस्तुनिष्ठ र तथ्याङ्कमा आधारित बनाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै कार्यसम्पादन सम्झौताका कार्यक्रमको बजेट लगायतका स्रोत साधनको व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो ।

## अनुपालन अधिकारीमा पौड्याल

कर्मचारी सञ्चय कोष, सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तिय लगानी निवारण नीति, २०७८ को प्रकरण ६ को खण्ड (घ) मा भएको व्यवस्था बमोजिम योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका वरिष्ठ प्रबन्धक सन्तोष पौड्याललाई अनुपालन/कार्यान्वयन अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।



# वरिष्ठ कार्यकारी मञ्चको बैठक र बजेट तथा विशेष कार्यक्रमको समीक्षा तथा छलफल कार्यक्रम सम्पन्न



कर्मचारी सञ्चय कोष, योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा वरिष्ठ कार्यकारी मञ्चको प्रस्तुतिकरण र बजेट तथा विशेष कार्यक्रमको समीक्षा कार्यक्रम मिति २०८२ जेठ २३ र २४ गते हिमालय दृश्य होटल, धुलिखेलमा सम्पन्न भएको छ । कर्मचारी सञ्चय कोषका प्रशासकको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सह-प्रशासक, विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक, शाखा कार्यालय प्रमुख, प्रबन्धक र सेवा केन्द्र प्रमुखहरूको सहभागिता रहेको थियो ।



# कर्मचारी सञ्चय कोष नियमावली, २०८१ लागू

कर्मचारी सञ्चय कोष सञ्चालक समितिको मिति २०८१/१२/२८ को निर्णय बमोजिम कर्मचारी सञ्चय कोष नियमावली, २०८१ लागू भएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा यो नियमावली लागू भएको हो ।

# सार्वजनिक निकायका कर्मचारीहरूको निवृत्तभरण तथा उपदान कोष सञ्चालन विनियमावली, २०८१ लागू

कर्मचारी सञ्चय कोष सञ्चालक समितिको मिति २०८१/०६/११ (बैठक नं. १६९४) को निर्णयवाट सोही मितिदेखि लागु हुने गरी "सार्वजनिक निकायका कर्मचारीहरूको निवृत्तभरण तथा उपदान कोष सञ्चालन विनियमावली, २०८१" लागू गरिएको छ ।



# बिर्तामोडमा कोषको नयाँ सेवा केन्द्र उद्घाटन




कोषबाट आफ्ना सञ्चयकर्ताहरूलाई केन्द्रबाट उपलब्ध हुने सबै सेवा सुविधा स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले कोशी प्रदेशको बिर्तामोडमा मिति २०८१ कार्तिक २६ गतेबाट सेवा आरम्भ भएको छ । आधुनिक प्रविधि मार्फत आम सञ्चयकर्ता समक्ष सेवा प्रदान गर्न सेवाकेन्द्र सञ्चालनमा आएको हो ।

**सम्पर्क:**

फोन नं. : ०२३-५९१२२८, ०२३-५९१२२७

ठेगाना: बिर्तामोड, झापा

इमेल: birtamod@epf.org.np

## सञ्चयकर्ता सापटी रकमको सीमामा वृद्धि

कर्मचारी सञ्चय कोष सञ्चालक समितिको मिति २०८१/१२/१५ (बैठक नं. १७०५)को निर्णय बमोजिम सञ्चयकर्ता सापटी प्रवाह (दोस्रो संशोधन) विनियमावली, २०८१ स्वीकृत भई लागू भएको छ ।



## मुनाफा रकम वितरण

कर्मचारी सञ्चय कोष सञ्चालक समितिको मिति २०८१/१२/१७ (बैठक नं.१७०६) को बैठकले कोषको आ.व. ०८०/८१ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताको व्यक्तिगत खातामा रहेको सुरु मौज्दात रकममा १.१ प्रतिशतका दरले हुने रकम मुनाफाका रूपमा वितरण गर्ने निर्णय छ ।

## योगदानमा आधारित निवृत्तभरणमा करीब रू. १६ अर्ब सञ्चित

निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम २०७६ साल साउन महिनादेखि नयाँ नियुक्त भएका कर्मचारीको योगदानमा आधारित निवृत्तभरण कोष अन्तर्गत आर्थिक वर्ष २०८०/८१ सम्ममा करीब ९६ हजार योगदानकर्ताको करीब रू. १६ अर्ब रकम सञ्चित भएको छ ।

## सामाजिक सुरक्षामा रू. ५५ करोड ८५ लाखभन्दा बढी रकम वितरण

आर्थिक वर्ष २०८१/८२ मा कोषले २५ हजार २४० जना सञ्चयकर्ता तथा सञ्चयकर्ता हकवाला समेतलाई करीब रू ५४ करोड १० लाख रकम सामाजिक सुरक्षातर्फ प्रदान गरेको छ ।



# सिद्धार्थ बैङ्कको अवकाश कोष व्यवस्थापन कर्मचारी सञ्चय कोषबाट



आर्थिक ऐन, २०८२ अनुसार आन्तरिक राजस्व विभागबाट स्वीकृत अवकाश कोषहरु अनिवार्य रूपमा कर्मचारी सञ्चय कोष जस्ता निकायमा आबद्ध हुनु पर्ने प्रावधान बमोजिम यस आर्थिक वर्षमा सिद्धार्थ बैङ्क लिमिटेड कोषमा आबद्ध भएको छ । यस सँगै बैङ्कमा कार्यरत १ हजार ९५५ जना कर्मचारीको सञ्चय गरेर राखेको रू.१ अर्ब ५८ करोड ३० लाख १८ हजार २१७ रूपैयाँ २० पैसा कोषमा हस्तान्तरण भएको छ ।

## ब्याजदरमा परिवर्तन

कर्मचारी सञ्चय कोष सञ्चालक समितिको मिति २०८२/०३/१४ (बैठक नं. १७११) को निर्णय अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि कोष तथा निवृत्तभरण रकममा दिने र कर्जामा लिने ब्याजदरमा पुनरावलोकन गरेको छ ।

### आर्थिक वर्ष २०८२/८३ को लागि ब्याजदर निर्धारण सम्बन्धी सूचना

कोषले आर्थिक वर्ष २०८२/८३ मा सञ्चय कोष तथा निवृत्तभरण कोष रकममा प्रदान गर्ने र सञ्चयकर्ता सापटीमा लिने वार्षिक ब्याजदर विक्रम संवत् २०८२ श्रावण १ गते देखि लागू हुने गरी देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

(क) कोषले प्रदान गर्ने वार्षिक ब्याजदर :

| क.सं. | शीर्षक | ब्याजदर |
|---|---|---|
| १. | सञ्चय कोष | ५.०० % |
| २. | निवृत्तभरण कोष | ५.०० % |

(ख) सञ्चयकर्ता सापटीहरुमा कोषले लिने वार्षिक ब्याजदर :

| क.सं. | शीर्षक | ब्याजदर |
|---|---|---|
| १. | विशेष सापटी | ६.२५ % |
| २. | घर सापटी | ७.२५ % |
| ३. | शैक्षिक सापटी | ७.२५ % |
| ४. | घर मर्मत सापटी | ७.२५ % |
| ५. | जग्गा खरिद सापटी | ७.५० % |
| ६. | सरल सापटी | ७.५० % |

(ग) विशेष सापटी बाहेकका धितोमा आधारित सापटीको ब्याज नियमित रुपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ % ले छुट (Rebate) दिने ।

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर
कल सेन्टर : ०१-५९७००४१

Call Center 01-5970041 | www.epf.org.np
कर्मचारी सञ्चय कोष
EMPLOYEES PROVIDENT FUND

## सूचना प्रविधिमा सुरक्षा

- मिति २०८१/०८/०९ गते Disaster Recovery Drill सम्पन्न गरेर IT Steering Committee मा प्रतिवेदन पेस गरेको छ ।
- मिति २०८१/०८/०९ Vulnerability Assessment / Penetration Testingtyf IS Audit सम्पन्न गरी आफ्नो प्रविधि तथा प्रणालीको सुरक्षा सुनिश्चित गरेकोछ ।
- मिति २०८१/०८/०९ मा Social engineering test गरी आफ्ना कर्मचारीहरूलाई प्रणाली सुरक्षा सम्बन्धि सचेतना अभियान सम्पन्न गरेकोछ ।
- मिति २०८१/०२/३० गते स्वीकृत Digital EPF Framework अनुरूपको पहिलो वर्षको क्रियाकलापहरू सम्पन्न गरी कोष DigitalEPF को स्थापित हुन अघि बढेकोछ ।

## कोषको Core Business System मा परिर्वतन

कोषले आफ्नो प्रमुख कार्यहरू Contribution Management System (CMS) बाट गर्दै आएकोमा मिति २०८२/०५/०१ गते बाट आन्तरिक रूपमै निर्मित intergrated Fund (iFunds) System ले प्रतिस्थापन गरी आफ्नो कार्य सुचारू गरेको छ ।

# तालिम तथा क्षमता विकास

### अधिकृतस्तरीय तालिम सम्पन्न

मिति २०८१ साल भाद्र १० देखि ११ सम्म, २०८१ साल असोज ७ देखि ९ गतेसम्म र मिति २०८१ कार्तिक १० देखि १२ गते सम्म Peaceful Cottage and Café Du Mount, Nagarkot मा कर्मचारी सञ्चय कोषका विभिन्न विभाग, शाखा तथा सेवा केन्द्रहरूमा हुने काम कारबाहीसँग सम्बन्धित विषयमा तीन चरणमा सम्पन्न तालिम कार्यक्रममा २१० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

### वैदेशिक तालिममा कोषका कर्मचारीरूको सहभागिता

कर्मचारी सञ्चय कोषले भारतको गुरगाँउस्थित Management Development Institute सँगको समन्वयमा आयोजित तालिममा कोषमा कार्यरत अधिकृत र सहायक कर्मचारीहरूलाई सहभागी गराएको छ । मिति २०८१/१२/१७ देखि २०८१/१२/२१ सम्म र ३० जुनदेखि ४ जुलाई २०२५ सम्म सञ्चालित Advanced Management Programme विषयेक तालिममा उपप्रबन्धक र सहायक प्रबन्धक ३० जना र प्रमुख सहायक १५ जना गरी जम्मा ४५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

### सेवाकालीन तालिम सञ्चालन

कर्मचारी सञ्चय कोषले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा आयोजित सेवाकालीन तालिममा कोषमा कार्यरत कर्मचारीहरूलाई सहभगी गराएको छ । मिति २०८१/०९/१७ देखि २०८१/११/०१ सम्म सञ्चालित ३० कार्यदिनको Professionaal Course on Management and Development (PCMD) for the Officials of Employees Provident Fund (EPF) विषयक सेवाकालीन तालिममा कोषका तर्फबाट उपप्रबन्धक र सहायक प्रबन्धक गरी जम्मा २४ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### कोषमा Cyber Security Awareness Workshop सम्बन्धी तालिम कार्यक्रम सम्पन्न

मिति २०८२/०२/२५ गते कोषद्वारा Genese Solution Pvt. Ltd. सँगको सहकार्यमा "Cyber security Learning and Development Awareness Workshop" विषेयक तालिम कार्यक्रम पुल्चोक तालिम हलमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा कोषका सह प्रशासक, विभागीय प्रमुख, शाखा कार्यालय तथा सेवाकेन्द्र प्रमुखहरू गरी ३१ जनाको सहभागिता रहेको थियो ।

## सूचना प्रणाली गतिविधि

सञ्चयकर्ताको लागि प्रविधि

- Mobile APP /iPortal मार्फत सापटी माग गर्न मिल्ने ।
- Mobile APP /iPortal मार्फतसापटी चुक्ता गर्न मिल्ने ।
- Mobile Banking App/ ConnectIPS मार्फत सापटी चुक्ता गर्न मिल्ने ।



# वार्षिकोत्सवको उपलक्ष्यमा विविध कार्यक्रम सम्पन्न

कोषको ६४औं वार्षिकोत्सवको अवसरमा अतिरिक्त क्रियाकलाप उप समितिले विविध कार्यक्रम आयोजना गरेको छ । फुटसल, टेबलटिनस, चेस र व्याडमिन्टन लगायतका प्रतियोगितात्मक कार्यक्रम सम्पन्न भएका छन् । यसका साथै ३ दिने योगा शिविर कार्यक्रम समेत सम्पन्न भएको छ ।



योगा शिविर



उच्च व्यवस्थापन टिम



कर्मचारी यूनियन टिम



महिलातर्फ फुटसल विजेता टिम : मखमली



महिला तर्फ व्याडमिन्टन विजेता र उपविजेता टिम



पुरूषतर्फ फुटसल विजेता टिम : माछापुच्छे



महिला र पुरूष टेबलटेनिस विजेता तथा उपविजेता

# शाखा कार्यालयहरू

## शाखा कार्यालय, बिराटनगर

कोषले प्रदान गर्ने सेवा सुविधाहरू स्थानीय स्तरबाट छिटोछरितो एवम् प्रभावकारी रूपमा सञ्चालन गर्न कोषको पहिलो शाखा कार्यालयको रूपमा यस शाखा कार्यालयको स्थापना वि.सं. २०४८ माघमा भएको हो ।

सम्पर्क फोन नं: 021-475784

ठेगाना: Biratnagar,Morang

इमेल : biratnagar@epf.org.np





## शाखा कार्यालय, हेटौंडा

कर्मचारी सञ्चय कोषका शाखाहरू मध्ये वि.सं. २०६२ सालमा स्थापना भएको कोषको हेटौंडा स्थित शाखाले सञ्चयकर्ताहरूलाई सामाजिक सुरक्षा र वित्तीय सुविधाहरू सहज रूपमा उपलब्ध गराउँदै आएको छ ।

सम्पर्क फोन नं: 057-524377

ठेगाना: Hetauda -4, Hupra Chaur (KSK Building)

इमेल : hetauda@epf.org.np

## शाखा कार्यालय, जनकपुर

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरले मिति २०८२/०१/२१ देखि आफ्नै नवनिर्मित कार्यालय भवनबाट सेवा प्रवाह गर्न सुरु गरेको छ ।

सम्पर्क फोन नं: 041-422166, 041-422167

ठेगाना: Janakpur Submetropolitan, Ward No. 12, Airport Road, Janakpur

इमेल : janakpur@epf.org.np





## शाखा कार्यालय, पोखरा

कर्मचारी सञ्चयकोषबाट आफ्ना सञ्चयकर्ताहरूलाई केन्द्रबाट उपलब्ध हुने सबै सेवा सुविधा स्थानीयस्तरमै उपलब्ध गराउने सद्भावपूर्ण उद्देश्यले शाखा कार्यालय विस्तारको क्रममा वि.सं. २०५३ सालमा पर्यटकीय नगरी पोखरामा यस कार्यालयको स्थापना भएको हो ।

सम्पर्क फोन नं: 061-458051, 061-458050, 061-458049

ठेगाना : : Pokhara- 9, Nayabajar, Kaski

इमेल : pokhara@epf.org.np

# शाखा कार्यालयहरू

## शाखा कार्यालय, कोहलपुर

कर्मचारी सञ्चय कोष शाखा कार्यालय कोहलपुरको स्थापना वि.सं. २०६५ भाद्र २८ मा भएको हो । यस शाखाबाट सञ्चयकोषका सम्पूर्ण सेवा सुविधाहरू सहज रूपमा लिन सक्दछन् ।

सम्पर्क : फोन नं: 081-541282, 081-541284

ठेगाना: NTC Road, Kohalpur, Banke

इमेल : kohalpur@epf.org.np





## शाखा कार्यालय, सुर्खेत

कर्मचारी संञ्चय कोषले संञ्चयकर्ताहरूलाई स्थानीय स्तरमै सम्पूर्ण सेवा सुविधाहरू उपलब्ध गराउन बि.सं. २०६२ सालमा सुर्खेतमा आफ्नो शाखा विस्तार गरी सेवा सुविधाहरू प्रभावकारी ढङ्गबाट प्रदान गर्दै आइरहेको छ ।

सम्पर्क फोन नं: 083-523066, 083-523027

ठेगाना: Surkhet

इमेल: surkhet@epf.org.np

## शाखा कार्यालय, बुटवल

कर्मचारी सञ्चयकोषले आफ्ना सञ्चयकर्ताहरूलाई सेवा सुविधाहरू स्थानीयस्तरमै उपलब्ध गराउन वि.सं. २०५६ साल भाद्र महिनामा भैरहवामा र पछि २०६५ साल पौष महिनामा बुटवलमा यस शाखाको स्थानान्तरण गरिएको हो ।

सम्पर्क फोन नं: 071-554518, 071-554519

ठेगाना: Butwal

इमेल: butwal@epf.org.np

## शाखा कार्यालय, धनगढी

कर्मचारी सञ्चय कोषबाट आफ्ना सञ्चयकर्ताहरूलाई केन्द्रबाट उपलब्ध हुने सबै सेवा सुविधा स्थानीयस्तरमै उपलब्ध गराउने सद्भावपूर्ण उद्देश्यले शाखा कार्यालय विस्तारको क्रममा सुदूर पश्चिम प्रदेशको कैलाली जिल्लाको धनगढीमा बि.सं. २०६१, कार्तिकमा यस शाखाको स्थापना भएको हो ।

सम्पर्क फोन नं: 091-520691, 091-520692

ठेगाना: Dhangadi

इमेल: dhangadi@epf.org.np



# सेवा केन्द्रहरू

## सेवा केन्द्र, धनकुटा

कर्मचारी सञ्चय कोषले आफ्ना संचयकर्ताहरूलाई प्रदान गर्दै आएका सेवा सुविधाहरूलाई स्थानीय स्तरमा नै सरल र सहज रूपले उपलब्ध गराउने उद्देश्यले पूर्वाञ्चल क्षेत्रमा क्षेत्रीय स्तरको कार्यालयको रूपमा धनकुटामा बि.स. २०४९ सालमा स्थापित यस कार्यालय हाल सेवा केन्द्रको रूपमा सञ्चालनमा रहेको छ ।

सम्पर्क फोन नं: 026-522049

ठेगाना : Dhankuta

इमेल : dhankuta@epf.org.np

## सेवा केन्द्र, बिर्तामोड

कोषबाट आफ्ना सञ्चयकर्ताहरूलाई केन्द्रबाट उपलब्ध हुने सबै सेवा सुविधा स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले कोशी प्रदेशको बिर्तामोडमा मिति २०८१ कार्तिक २६ गतेबाट सेवा आरम्भ भएको छ । आधुनिक प्रविधि मार्फत आम सञ्चयकर्ता समक्ष सेवा प्रदान गर्न सेवाकेन्द्र सञ्चालनमा आएको हो ।

सम्पर्क फोन नं: 023-591228, 023-591227

ठेगाना: Birtamod

इमेल: birtamod@epf.org.np

## सेवा केन्द्र, सिंहदरवार

कर्मचारी सञ्चय कोषले सिंहदरवार परिसरमा आउने आफ्ना संचयकर्ताहरूलाई सरल र सहज रूपले सेवा उपलब्ध गराउने उद्देश्यले बि.सं. २०७० सालमा सिंहदरवारमा सेवा विस्तार गरेको हो ।

सम्पर्क फोन नं: 01-4200467

ठेगाना : Singha durbar

इमेल : singhadurbar@epf.org.np

## सेवा केन्द्र, लगनखेल

कर्मचारी सञ्चय कोषले आफ्ना संचयकर्ताहरूलाई सरल र सहज रूपले सेवा उपलब्ध गराउने उद्धेश्यले बि.सं. २०७२ सालमा कोषको केन्द्रिय कार्यालय, पुल्चोकमा सेवा केन्द्रको स्थापना गरिएकोमा हाल यस सेवा केन्द्र कोषको लगनखेल भवनमा स्थान्तरण गरिएको छ ।

सम्पर्क फोन नं: 01-5521480, 01-5521680

ठेगाना : Lagankhel, Lalitpur

इमेल : sclagankhel@epf.org.np






# नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ

मुलुकको वित्तीय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरूमध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेडयुनियनहरूमध्ये नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ श्रम ऐन, २०७४ र ट्रेड यूनियन ऐन, २०४९ अनुसार बैकिङ कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते स्थापित भएको हो ।

## प्रमुख गतिविधिहरू

**बनभोज कार्यक्रम सम्पन्न:** नेपाल वित्तीय सस्था कर्मचारी सङ्घ, कर्मचारी सञ्चय कोष, केन्द्रीय समितिको आयोजनामा मिति २०८१ पौष २० गते शनिबारका दिन रमणीयस्थल स्वीजरल्याण्ड पार्क पिकनिक स्थलमा बृहत बनभोज कार्यक्रम सम्पन्न भएको छ ।



**नयाँ कर्मचारीलाई बधाई तथा स्वागत कार्यक्रम सम्पन्न :** नेपाल वित्तीय सस्था कर्मचारी सङ्घ, कर्मचारी सञ्चय कोषले कोषको स्थायी सेवामा नव-प्रवेशी कर्मचारीहरूलाई बधाई तथा स्वागत कार्यक्रम भब्यताका साथ सम्पन्न गरेको छ ।



**विभिन्न तालिम, बैठक तथा गोष्ठीमा सङ्घको सार्थक सहभागिता :**

- नेपाल ट्रेड युनियन काँग्रेस, UNI Nepal, नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, राष्ट्रिय समिति तथा अन्य शुभेच्छुक संस्थाद्वारा आयोजित विभिन्न तालिम, गोष्ठी तथा सेमिनार कार्यक्रममा यस सङ्घबाट करीब ३५ भन्दा बढी साथीहरु लाभान्वित हुनुभएको छ ।
- भाद्र १३ र १४ गते  ललितपूरको हिमालय होटलमा भएको दुई दिवसीय Apro Care को Founding conference कार्यक्रममा यस सङ्घका सदस्य तथा नेपाल वित्तीय सस्था कर्मचारी सङ्घ राष्ट्रिय समिति सह-कोषाध्यक्ष सबिता लुइँटेल तथा यस सङ्घका महासचिव खिम बहादुर खडकाको सहभागिता जनाउनुभएको थियो ।

# सञ्चयकोष कर्मचारी सङ्गठन

ट्रेड यूनियन ऐन, २०४९ बमोजिम वि. सं. २०५१ साल बैशाख २६ गते विधिवत रूपमा सञ्चय कोष कर्मचारी सङ्घको नाममा दर्ता भई अनवरत रूपमा कर्मचारीको हकहितमा समर्पित रही आएको यो सङ्गठन २०७५ फागुनबाट सञ्चयकोष कर्मचारी सङ्गठनको रूपमा क्रियाशील रहेको छ।

## प्रमुख गतिविधिहरू

१. **दोस्रो केन्द्रीय महाधिवेशन सम्पन्न** : सञ्चयकोष कर्मचारी सङ्गठनको दोस्रो केन्द्रीय महाधिवेशन २०८१ असोज ४ र ५ गते काठमाडौंमा सम्पन्न भयो । यस महाधिवेशनवाट २५ सदस्यीय केन्द्रीय कमिटी तथा केन्द्रीय सभाको सभापति र उप-सभापति चयन गरेको छ ।

२. **चियापान कार्यक्रम** : यस सङ्गठनको नयाँ कार्यसमितिले मिति २०८१ पुष १५ गते कोषका सबै कार्यालयहरूमा एक साथ चियापान कार्यक्रम सम्पन्न गरेको थियो ।

३. **नयाँ कर्मचारीलाई स्वागत** : यस सङ्गठनद्वारा मिति २०८१ चैत्र ११ मा नयाँ नियुक्त हुने ६ तह र सोभन्दा माथिका कर्मचारीहरूलाई र २०८२ ज्येष्ठ २ मा ४ र ५ तहका कर्मचारीहरूलाई स्वागत कार्यक्रम आयोजना गरिएको थियो ।

४. **राष्ट्रिय समितिका बैठकहरूमा सहभागी**: यस सङ्गठनले पेशागत महासङ्घ नेपाल तथा बैङ्क, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी सङ्घ नेपाल (विफु नेपाल) ले यही भाद्र २ र ३ गते ललितपुर को कोटडांडामा अयोजित पूर्णकालीन वैठकमा अवकाश कोषहरूको व्यवस्थापन तथा अवकाश कोष भुक्तानीमा हालै संशोधित व्यवस्थाबाट उब्जेका कर सम्बन्धी विषयमा गम्भीर छलफल गरी आवश्यक दबाब सिर्जना गर्ने निर्णय भएको छ।



# नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन

कर्मचारी सञ्चय कोषमा विगत १८ वर्षअघि ट्रेड युनियन ऐन, २०४९ बमोजिम दर्ता मिति २०७८ साउन १५ मा पुनर्स्थापित नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन कोषमा क्रियाशील एक कर्मचारीको सङ्गठन हो ।

## महत्त्वपूर्ण साङ्गठनिक गतिविधिहरू

- कोषको तर्फबाट नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, बैङ्क तथा वित्तीय संस्था राष्ट्रिय समितिको महत्वपूर्ण सचिवालय बैठक सङ्गठनको ठमेलस्थित केन्द्रीय कार्यालयमा राखी अवकाश तथा उपदान कोषलाई कर्मचारी सञ्चयकोष मातहत ल्याउने बारे गम्भीर बहस र पहल गरिएको ।
- हरितालिका (तीज), दशैं, तिहार, छठलगायत राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गरिएको ।
- कर्मचारीहरूमा पठन संस्कृतिको विकास र अध्ययनशीलता अभिवृद्दिका लागि सङ्गठनको पहलमा स्थापना भएको पुस्तकालयमा नयाँ करीब ३४६ पुस्तकहरु थप गरिएको र वि.सं. २०८१ भाद्र देखि २०८२ भाद्रसम्म विभिन्न समयमा ११३८ पटक पुस्तकहरु ईस्यु गरिएको, कोषको आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षामा सहभागी करीब ११५ कर्मचारीहरु लाभान्वित भएको ।
- कोषको उन्नयन, संस्थागत सुदृढीकरण तथा कोषका कर्मचारीहरूको सेवा सुविधा वृद्धिदर वृत्ति विकासका बहु आयामिक पक्षहरूसमेतलाई समेटी यसै ६४ औँ वार्षिकोत्सवको तयारी चलिरहेकै सन्दर्भमा यही मिति २०८२ भाद्र ११ गते कोष व्यवस्थापनसमक्ष लिखित ध्यानाकर्षण गराइएको ।



## २०८०/११/११ को विज्ञापन अनुसार आन्तरिक प्रतियोगिताबाट बढुवा हुनुभएका कर्मचारीहरू

| क्र.सं. | वढुवा भएको पद | तह | कर्मचारीको नामथर | बढुवा निर्णय मिति |
|---|---|---|---|---|
| १ | मुख्य प्रबन्धक | १० | दर्शन भट्टराई | २०८१/१२/०१ |
| २ | वरिष्ठ प्रबन्धक | ९ | कृष्ण प्रसाद शर्मा | २०८१/१२/०१ |
| ३ | प्रबन्धक | ८ | सरोज अधिकारी | २०८१/१२/०१ |
| ४ | उप प्रबन्धक | ७ | सुनिल गुरागाईं | २०८१/१२/०१ |
| ५ | उप प्रबन्धक | ७ | जित बहादुर राउत | २०८१/१२/०१ |
| ६ | उप प्रबन्धक | ७ | ललिता पाण्डे | २०८१/१२/०१ |
| ७ | उप प्रबन्धक (सूचना प्रविधि) | ७ | निरज रिजाल | २०८१/१२/०१ |
| ८ | सहायक प्रबन्धक | ६ | योगिता भट्टराई | २०८१/१२/०१ |
| ९ | सहायक प्रबन्धक | ६ | शुष्मा कडेल | २०८१/१२/०१ |
| १० | सहायक प्रबन्धक | ६ | पुजा पौड्याल | २०८१/१२/०१ |
| ११ | सहायक प्रबन्धक | ६ | शान्ति थापा मगर | २०८१/१२/०१ |

## २०८०/११/११ को विज्ञापन अनुसार खुला/समावेशी प्रतियोगिताबाट नियुक्त हुनुभएका कर्मचारीहरू

| क्र.सं. | वढुवा भएको पद | तह | कर्मचारीको नामथर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १ | वरिष्ठ प्रबन्धक | ९ | रुक्मणी ठकुरी | २०८१/१२/०३ |
| २ | प्रबन्धक (प्रशासन) | ८ | श्री नविन कुमार गुरूङ | २०८१/१२/०३ |
| ३ | उप प्रबन्धक (प्रशासन) | ७ | श्रीराम फुयाल | २०८१/१२/०३ |
| ४ | उप प्रबन्धक (प्रशासन) | ७ | गोपिलाल पौडेल | २०८२/०१/१५ |
| ५ | सहायक प्रबन्धक (प्रशासन) | ६ | मदन खरेल | २०८१/१२/०३ |
| ६ | सहायक प्रबन्धक (प्रशासन) | ६ | ज्ञान प्रसाद पराजुली | २०८१/१२/०३ |
| ७ | सहायक प्रबन्धक (प्रशासन) | ६ | धनिराम आचार्य | २०८१/१२/०३ |
| ८ | सहायक प्रबन्धक (प्रशासन) | ६ | पुजा भट्टराई | २०८१/१२/०३ |
| ९ | सहायक प्रबन्धक (प्रशासन) | ६ | अम्बिका लक्ष्मी खतिवडा | २०८१/१२/०३ |
| १० | सहायक प्रबन्धक (प्रशासन) | ६ | अञ्जली श्रेष्ठ | २०८१/१२/०३ |
| ११ | सहायक प्रबन्धक (प्रशासन) | ६ | ओसिन भण्डारी | २०८१/१२/०३ |
| १२ | सहायक प्रबन्धक (प्रशासन) | ६ | दृष्टि आचार्य | २०८१/१२/०३ |
| १३ | सहायक प्रबन्धक (प्रशासन) | ६ | अमित खिउजु | २०८१/१२/०३ |
| १४ | सहायक प्रबन्धक (प्रशासन) | ६ | मिरा साख | २०८१/१२/०३ |

| क्र.सं. | वढुवा भएको पद | तह | कर्मचारीको नामथर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १५ | सहायक प्रबन्धक (प्रशासन) | ६ | शम्भु पण्डित | २०८१/१२/०३ |
| १६ | सहायक प्रबन्धक (कानून) | ६ | निकिता काफ्ले | २०८१/१२/०३ |
| १७ | सहायक प्रबन्धक (सिस्टम) | ६ | नन्दा भट्टराई | २०८१/१२/०३ |
| १८ | सहायक प्रबन्धक (प्रशासन) | ६ | वासु धामी | २०८२/०१/१५ |
| १९ | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | ६ | कमल पौडेल | २०८२/०३/०६ |
| २० | प्रमुख सहायक | ५ | चन्द्रा जोशी | २०८२/०१/२२ |
| २१ | प्रमुख सहायक | ५ | राम बहादुर कठायत | २०८२/०१/२२ |
| २२ | प्रमुख सहायक | ५ | अचुतराज बराल | २०८२/०१/२२ |
| २३ | प्रमुख सहायक | ५ | दिवाकर भट्ट | २०८२/०१/२२ |
| २४ | प्रमुख सहायक | ५ | राजन घिमिरे | २०८२/०१/२२ |
| २५ | प्रमुख सहायक | ५ | प्रेम थापा | २०८२/०१/२२ |
| २६ | प्रमुख सहायक | ५ | सिर्जना बास्तोला | २०८२/०१/२२ |
| २७ | प्रमुख सहायक | ५ | सुस्मिता दुलाल | २०८२/०१/२२ |
| २८ | प्रमुख सहायक | ५ | जोनु मल्ल | २०८२/०१/२२ |
| २९ | प्रमुख सहायक | ५ | बागमती धामी | २०८२/०१/२२ |
| ३० | प्रमुख सहायक | ५ | टेक बहादुर थापा | २०८२/०१/२२ |
| ३१ | प्रमुख सहायक | ५ | अञ्जु थापा मगर | २०८२/०१/२२ |
| ३२ | प्रमुख सहायक | ५ | निरञ्जन कुमार साह | २०८२/०३/०१ |

## २०८१/१२/०८ को विज्ञापन अनुसार कार्यक्षमता मूल्याङ्कनबाट बढुवा हुनुभएका कर्मचारीहरूको विवरण

| क्र.सं. | वढुवा भएको पद | तह | कर्मचारीको नामथर | बढुवा निर्णय मिति |
|---|---|---|---|---|
| १ | मुख्य प्रबन्धक | १० | सागर कुमार सिंह | २०८२/०२/१० |
| २ | मुख्य प्रबन्धक | १० | शान्ता गौतम | २०८२/०२/१० |
| ३ | वरिष्ठ प्रबन्धक | ९ | अर्जुन निरौला | २०८२/०२/१० |
| ४ | वरिष्ठ प्रबन्धक | ९ | कृष्ण बहादुर जि.सी. | २०८२/०२/१० |
| ५ | प्रबन्धक | ८ | अरुण कार्की | २०८२/०२/१० |
| ६ | प्रबन्धक | ८ | जितन्द्र श्रेष्ठ | २०८२/०२/१० |
| ७ | प्रबन्धक | ८ | सन्तोषी खनाल | २०८२/०२/१० |
| ८ | उप प्रबन्धक | ७ | मधुकर पाण्डे | २०८२/०२/१० |

| क्र.सं. | बढुवा भएको पद | तह | कर्मचारीको नामथर | बढुवा निर्णय मिति |
|---|---|---|---|---|
| ९ | उप प्रबन्धक | ७ | नविन ढुंगाना | २०८२/०२/१० |
| १० | उप प्रबन्धक | ७ | राधा कण्डेल | २०८२/०२/१० |
| ११ | उप प्रबन्धक | ७ | मिना बस्नेत | २०८२/०२/१० |
| १२ | उप प्रबन्धक | ७ | भगवान दाहाल | २०८२/०२/१० |
| १३ | उप प्रबन्धक | ७ | कमलेश कुमार यादव | २०८२/०२/१० |
| १४ | उप प्रबन्धक | ७ | काशिनाथ खतिवडा | २०८२/०२/१० |
| १५ | उप प्रबन्धक | ७ | अतुल बास्कोटा | २०८२/०२/१० |
| १६ | उप प्रबन्धक | ७ | विष्णु प्रसाद बर्तौला | २०८२/०२/१० |
| १७ | सहायक प्रबन्धक | ६ | नमराज विष्ट | २०८२/०२/१० |
| १८ | सहायक प्रबन्धक | ६ | सुरेन्द्र कुमार यादव | २०८२/०२/१० |
| १९ | सहायक प्रबन्धक | ६ | सविता लुईटेल | २०८२/०२/१० |
| २० | सहायक प्रबन्धक | ६ | सविता खरेल | २०८२/०२/१० |
| २१ | सहायक प्रबन्धक | ६ | विजया आचार्य | २०८२/०२/१० |
| २२ | सहायक प्रबन्धक | ६ | अशोक तिमिल्सिना | २०८२/०२/१० |

## आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ को भाद्र मसान्तसम्म अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरू

| क्र.सं | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक (प्रशासन) | ६ | शरद राज अधिकारी | २०८१।०६।०४ |
| २ | मुख्य प्रबन्धक (प्रशासन) | १० | रोचन श्रेष्ठ | २०८१।०६।१० |
| ३ | का.मु.उपप्रबन्धक (प्रशासन) | ६ | महेन्द्रमान बज्रचार्य | २०८१।०७।१४ |
| ४ | का.मु.वरिष्ठ प्रबन्धक (प्रशासन) | ८ | अर्जुन प्रसाद उपाध्याय भट्टराई | २०८१।०७।२४ |
| ५ | उप प्रबन्धक (प्रशासन) | ७ | दिलेन्द्र प्रधान | २०८१।०८।०९ |
| ६ | प्रमुख सहायक (सफाईकर्मी) | ५ | राधिका देउला | २०८१।०८।०९ |
| ७ | प्रमुख सहायक (अन्य) | ५ | धुर्व बहादुर थापा | २०८१।०८।१५ |
| ८ | सहायक प्रबन्धक (विद्युत) | ६ | श्याम गोपाल श्रेष्ठ | २०८१।०८।१५ |
| ९ | प्रबन्धक (सिभिलइन्जिनियर) | ८ | राम प्रसाद राई | २०८१।०९।१६ |
| १० | प्रमुख सहायक (अन्य) | ५ | राम चन्द्र पोखेल | २०८१।१०।१७ |
| ११ | उप प्रबन्धक (प्रशासन) | ७ | रमिता श्रेष्ठ | २०८१।११।०५ |
| १२ | उप प्रबन्धक (प्रशासन) | ७ | चन्द्र बहादुर सुवेदी | २०८२।०१।२२ |

| क्र.सं | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १३ | मुख्य प्रबन्धक (प्रशासन) | १० | अर्जुन कुमार गौतम | २०८२।०१।२५ |
| १४ | उप प्रबन्धक (प्रशासन) | ७ | कृष्ण प्रसाद अधिकारी | २०८२।०२।०२ |
| १५ | उप प्रबन्धक (प्रशासन) | ७ | देवी प्रसाद गौतम | २०८२।०२।२० |
| १६ | वरिष्ठ प्रबन्धक(प्रशासन) | ९ | कल्पना मानन्धर | २०८२।०३।२० |
| १७ | उप प्रबन्धक (प्रशासन) | ७ | नरवदा भेट्वाल | २०८२।०४।०४ |
| १८ | प्रमुख सहायक (सफाईकर्मी) | ५ | बाल कृष्ण पोडे | २०८२।०४।१२ |
| १९ | उप प्रबन्धक (प्रशासन) | ७ | गणेश बस्नेत | २०८२।०४।२९ |
| २० | सहायक प्रबन्धक (प्रशासन) | ६ | केशव राज श्रेष्ठ | २०८२।०५।१५ |

## आर्थिक वर्ष २०८१/८२ मा स्वेच्छिक अवकाश हुनुभएका कर्मचारीहरू

| क्र.सं | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक अन्य | ६ | लता कुमारी कण्ठ कायस्थ | २०८२।०२।२९ |

## आर्थिक वर्ष २०८१/८२ मा राजिनामा स्वीकृत भएका कर्मचारीहरू

| क्र.सं. | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक | ४ | शुशिला खतिवडा | २०८१/०९/२३ |
| २ | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | ६ | बिबेक आचार्य | २०८२/०१/२२ |
| ३ | उप-प्रबन्धक (वित्त विश्लेषक) | ७ | रोमन कुमार श्रेष्ठ | २०८२/०३/३२ |

## SEE परीक्षा उतिर्ण कोषका कर्मचारीका सन्ततिहरू

### छोरा तर्फ

| क्र.सं. | सन्तती को नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | आदित्य बास्तोला | ३.९२ | आरती भुसाल बास्तोला | सहायक प्रबन्धक |
| २ | शिवजी प्रसाद साह | ३.९१ | राम बृक्ष साह कानु | प्रमुख सहायक |
| ३ | शशाङ्क झा | ३.८७ | साधना झा | सहायक प्रबन्धक |
| ४ | प्रज्ज्वल सिंह देउजा | ३.८६ | पवन देउजा | वरिष्ठ प्रबन्धक |
| ५ | पृथक लामिछाने | ३.८६ | राम प्रसाद लामिछाने | वरिष्ठ प्रबन्धक |
| ६ | अयुन के सी | ३.६९ | चानक राज खत्री | प्रबन्धक |
| ७ | मृदुल मालाकार | उल्लेख नभएको | देव आशिष मालाकार | सहायक प्रबन्धक |

### छोरी तर्फ

| क्र.सं. | सन्तती को नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | समज्ञा सापकोटा | ४.०० | रमा अधिकारी | उप प्रबन्धक |
| २ | अनन्या मल्लिक | ३.७४ | निलु कुमारी कर्ण | सहायक प्रबन्धक |
| ३ | अनुराधा घिमिरे | ३.६५ | रामचन्द्र घिमिरे | सहायक प्रबन्धक |

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६४औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिबद्धता सहित सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७८ हजार | ३३ हजार ३ सय |
| निवृत्तभरण कोष | ९६ हजार | ४ हजार २ सय |

## (२) आ.व. २०८१/८२ को अनुमानित वित्तीय अवस्था :

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कूल लगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रू. अर्बमा | ५६३.१५ | १५.८४ | ३८.५३ | ५.६९ | ६२३.२१ | ५९९.२७ | ५.६५ |

## (३) वित्तीय सुविधाहरू:

(क) सञ्चयकर्ता सापटी

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रू. १ करोडसम्म वा पति/पत्नी दुवैजना सञ्चयकर्ता भएमा छुट्टाछुट्टै रूपमा कूल रू.१ करोड ५० लाखसम्म | रू. ४० लाखसम्म | रू. ४० लाखसम्म | | रू. १ करोडसम्म |
| ब्याजदर | ६.२५ प्रतिशत | ७.२५प्रतिशत | ७.२५ प्रतिशत | ७.२५ प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत |

(ख) ब्याजमा छुट: विशेष सापटी बाहेकका धितोमा आधारित सापटीको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशत विन्दुले छुट (Rebate) दिने व्यवस्था गरिएको ।

(ग) ब्याज तथा मुनाफा : आ.व. २०८१/८२ मा कोष रकममा ब्याजदर ५.५० प्रतिशत
: आ.व. २०८२/८३ मा कोष रकममा ब्याज दर ५.०० प्रतिशत
: मुनाफा: १.१० प्रतिशत (२०८१/८२ को शुरू मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरू:

(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना:सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये साधारण रोगतर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रू. १० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) सुत्केरी तथा शिशु स्याहार योजना: प्रति प्रसूति रू. ७,५०० (२ पटकका लागि),

(ग) दुर्घटना क्षतिपूर्ति योजना: सञ्चयकर्ता वा निजको हकवालालाई रू. २ लाखसम्म,

(घ) काजकिरिया अनुदान योजना: हकवालालाई रू. ४० हजार ।

## (५) कोषका कार्यालयहरू :

उपत्यकास्थित: पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

उपत्यकाबाहिर: बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी, धनकुटा र बिर्तामोड ।


**सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**

पुल्चोक, ललितपुर ।

फोन नं.: ५०१०१६५, ५०१०१६६